# लहान नगरपालिका कार्यालय
लहान, सिरहा
# शिलबन्दी बोलपत्र आह्वान सूचना
## सूचना नं.- ०३
(प्रथम पटक प्रकाशित मिति :- २०७३/०१/३०)

चालु आ.व.२०७२/०७३ मा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (जगेडा कोष) को सहयोगमा यस न.पा. अन्तरगत तपसिल बमोजिमका निर्माण कार्यहरु ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

**निम्न :-**

०१. बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७२/०७३ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र प्रधान कार्यालय रहेको स्थानीय निकायबाट वा यस न.पा.वाट प्राप्त पटके व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्म तपसिलमा उल्लेख भए वमोजिम वोलपत्र फारम दस्तुर (**पछि फिर्ता नहुने गरी**) तिरी कार्यालय समयभित्र यस कार्यालयको **शहरी विकास शाखाबाट** वोलपत्र सम्वन्धि कागजात (**Bid Document**) खरिद गर्न सकिनेछ र **E-Bidding** गर्न चाहनेले सार्वजनिक खरिद अनुगमन कार्यालयको **website www.gepson.gov.np** बाट **download** गरी **Bid-document** प्राप्त गर्न सकिनेछ।

०२. वोलपत्र सम्वन्धि कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फवाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागि मात्र मान्य हुनेछ। त्यस्तो अख्तियारी औचित्य हेरी जुनसुकै समयमा कार्यालयले रद्द गर्न सकिनेछ।

०३. खरिद गरिएका बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सही छापगरी, शिलवन्दी गरी ***(ठेक्का नं. ०७ को हकमा आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्ताव छुट्टा-छुट्टै शिलवन्दी गरी उपरोक्त दुवै प्रस्तावहरु एउटै खामभित्र राखी पुनः: शिलवन्दी गरी)*** खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्टसंग लेखी ३१ औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ। उक्त समयमा खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

०४. शिलबन्दी बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **website www.gepson.gov.np** मा समेत **E-Bidding** द्वारा **Submission** गर्न सकिनेछ। **E-Submission** गर्दा उल्लेखित website को **Provision of E-Submission of Bids** मा भएको प्रावधान अनुसार हुनुपर्नेछ।

०५. **E-Bidding** गर्दा शिलवन्दी बोलपत्रसाथ तपसिलमा उल्लेखित बोलपत्र फाराम दस्तुर नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०३००००००००४००३००३** मा जम्मा गरेको बैंक भौचरको **Scan Copy** र तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०२०००००००००३००००००६** धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (**बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको**) को **Scan Copy, pdf file** साथ उल्लेखित website मा **Submission** गर्नुपर्नेछ। कुनै फाइनेन्स प्रा.लि.वाट जारी भएको बिडवण्ड मान्य हुनेछैन।

०६. **E-Submission** गरेको बीड **withdrawl, Modification** वा **Substitution** गर्दा **Electronic** विधिबाटै गर्नुपर्नेछ। साथै **E-Submission** गर्ने निर्माण व्यवसायीहरुले ५ दिन भित्र मूल कपी (**Hard Copy**) पेश गर्नुपर्नेछ।

०७. शिलवन्दी बोलपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०२०००००००००३००००००६** धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (**बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन म्याद भएको**) पेश गर्नुपर्नेछ। कुनै फाइनेन्स प्रा.लि.वाट जारी भएको बिडवण्ड मान्य हुनेछैन।

**क्रमश........:**

०८. वोलपत्र स्वीकृत भएपछि ठेक्क अंकको पाँच प्रतिशतले हुन आउने रकम यस न.पा. कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको कम्तिमा २ (दुई) वर्षका लागि मान्य हुने कार्य सम्पादन जमानीपत्र (**Performance Bond**) पेश गर्नु पर्नेछ ।

०९. सार्वजनिक खरिद नियमावली, २०६४ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सवैभन्दा न्यूनतम कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताले ल.ई. अंकको वा कुनै पनि आईटममा अत्यधिक मात्रामा घटि बोल कबोल सकार गरेमा थप ८ (आठ) प्रतिशत धरौटी लिई सम्झौता गरिनेछ ।

१०. बोलपत्र फारममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । कवोल अंक निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अंकलाई मान्यता दिइनेछ ।

११. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन । बोलपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले सम्पन्न गर्नुपर्ने कामको विवरण, निर्माण स्थल, भौगोलिक अवस्था आदी सवै पक्षमा राम्रोसंग बुझी बोलपत्र भरेको मानिने छ ।

१२. संयुक्त उपक्रम (**Joint Venture**) मा काम गर्ने निर्माण व्यवसायीहरुले संयुक्त लगानी सम्वन्धि सम्झौताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा साझेदारको संख्या ३ (तिन) भन्दा वढी भएमा वोलपत्र स्वीकार्य हुनेछैन । संयुक्तउपक्रमको माध्यमवाट निर्माण काम गर्न इच्छुक बोलपत्रदाताले बोलपत्र खरीद गर्दा वा दर्ता गराउंदा अनिवार्य रुपमा संयुक्त उपक्रमको शेयर खुलेको सक्कल सम्झौतापत्र पेश गर्नुपर्नेछ । बोलपत्र खरीद एवं दर्ता गर्ने समयमा निवेदन साथ पेश भएको अधिकार पत्र (Power of Attorney) र जे.भि. को सम्झौता पत्रमा प्रोप्राइटरहरुको सक्कलै सही अनिवार्य रुपमा हुनुपर्छ ।

१३. संयुक्त उपक्रममा भाग लिएका अग्रणी हिस्सेदार (Lead Partner) ले सम्झौताको समयमा कार्यालयमा स्वयं उपस्थित भई सम्झौता गर्नुपर्नेछ । संयुक्त उपक्रममा भाग लिएका हिस्सेदारले काम लिईसकेपछि अरुलाई अख्तियारी दिई काम छाड्न पाइनेछैन । आफैले स्वयं काम सम्पन्न गर्नुपर्नेछ ।

१४. **ठेक्का नं. ०७ को हकमा** निर्माण कार्यकालागि चाहिने जनशक्तिको हकमा सिभिल इन्जिनियर-१, सिभिल सव इन्जिनियर-२, सुपरभाईजर-१, लेखापाल-१ एवं उपकरणको हकमा थियोडोलाईट वा लेभल मेसिन-१, क्रंक्रिट मिक्सचर-१, भाईब्रेटर-१, बाटर पम्प-१, ट्रक वा ट्रिपर-१ र रोड रोलर-१ तथा जे.भि. भए सोको हिस्सेदार (**J.V.Partner**) कोलागि सिभिल इन्जियिर-१, सिभिल स.ई.-१, सुपरभाईजर-१ एवं उपकरणको हकमा थियोडोलाईट वा लेभल मेसिन-१, क्रंक्रिट मिक्सचर-१, भाईब्रेटर-१, बाटर पम्प-१, ट्रक वा ट्रिपर-१ र रोड रोलर-१ आवश्यक रहेकोले सो संग सम्वन्धित आबश्यक कागजातहरु प्राविधिक प्रस्तावसंगै पेश गर्नुपर्नेछ ।

१५. **ठेक्का नं. ०७ को हकमा** बोलपत्र दाखिला गर्दा प्राविधिक प्रस्तावसंग सम्वन्धित माथि उल्लेख भएवमोजिमको विवरणहरु खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा काम गर्ने निर्माण व्यवसायी मध्ये प्रत्येक हिस्सेदारले (**J.V. Partner**) ले समेत माथि उल्लेख भएबमोजिमकै न्यूनतम योग्यता अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ । संयुक्त उपक्रमको माध्यमबाट बोलपत्रमा भाग लिने प्रत्येक हिस्सेदारको योग्यताको आधारहरु नपुगेमा बोलपत्र रीत्त नपुगेको मानिनेछ ।

१६. बोलपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

१७. बोलपत्र सम्वन्धि विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग मिति २०७३/०२/१९ गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै निर्माण व्यवसायीहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१८. बोलपत्रदाताले दर्ता गराएको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मिति वा समय भुक्तान हुनु अगावै शिलवन्दी गरी फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो, सो स्पष्ट उल्लेख गरिएको लिखित सूचना यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीत्तपूर्वकको अधिकार पत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनुपर्नेछ ।

१९. रीत्त नपुगी वा म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । बोलपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

२०. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

२१. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

**क्रमश........:**

तपसिल :-

| ठेक्का नं. | निर्माण कार्यको नाम र स्थान | लगत अनुमान रकम (कन्टेन्जेन्सी र भ्याट वाहेक) तथा उस्तै प्रकृति (**Similar nature**) को काम सम्वन्धि अनुभव रु. | औषत कार्यानुभव (Turn over) रु. ( ल.ई. अंकको डेढ गुणा) | आर्थिक क्षमताको विवरण रु. (क्रेडिट लाईन) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| ०७-०७२/०७३ | सडक पिच कार्य, वडा न.- १०, १८ र १५ । | ८४,३८,६५३।४२ | १,२६,५८,०००।०० | २१,०९,६६३।३६ | २,११,०००।- | ३,०००।- |
| | **J.V. Partner** कोलागि चाहिने योग्यता → | २१,०९,६६३।३६ | ३१,६४,५००।०० | | | |
| ०८-०७२/०७३ | नयाँ बजार सुधार कार्य (नाला निर्माण तथा ढलान कार्य), लहान - ०५ । | ४२,१९,५३९।७५ | - | - | १,०६,०००।०० | १,०००।- |
| ०९-०७२/०७३ | सडक सुधार तथा नाला निर्माण कार्य, लहान - ०१ । | ४२,३१,२९६।६२ | - | - | १,०६,०००।०० | १,०००।- |

लहान नगरपालिका कार्यालय
लहान, सिरहा